राष्ट्रियता ! प्रजातन्त्र !! उदारवाद !!!

# राष्ट्रिय प्रजातन्त्र पार्टी

## को विधान

## २०४८

(एकता महाधिवेशन २०७८ बाट संसोधित)

# राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान, २०७८

**प्रस्तावना**

- प्रत्येक नेपाली जनताको आधारभूत मानव अधिकार सुरक्षित गरी समानता र स्वतन्त्रताको आधारलाई व्यापक र सुदृढ गर्न,
- देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई अक्षुण रुपमा कायम राखी अन्तराष्ट्रिय जगतमा नेपालको राष्ट्रिय सम्मानको अभिबृद्धि गर्न,
- उदार आर्थिक नीतिको अवलम्बनद्वारा सबल र समुन्नत नेपाल निर्माण गर्न,
- **संविधान र संवैधानिक व्यवस्थासँग सहकार्य गर्दै तथा संविधान र प्रचलित कानुनको परिधिभित्र रहि सर्वधर्म समभाव, पूर्ण धार्मिक स्वतन्त्रता सहितको बैदिक सनातन हिन्दुराष्ट्र एवं राजसंस्था सहितको प्रजातन्त्रमा पूर्ण आस्था र विश्वास राख्दै**

  **तथा**
- स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्थाद्वारा कानूनी राज्यको अवधारणालाई साकार पार्न देशमा एक बलियो राष्ट्रवादी प्रजातान्त्रिक शक्ति निर्माण गर्ने उदेश्यका साथ राष्ट्रियता र प्रजातन्त्रप्रति प्रतिबद्ध राष्ट्रवादी प्रजातान्त्रिक शक्तिको आवश्यकता महसुस गरी राप्रपाले यो विधान निमार्ण गरी लागू गरेको छ ।

## परिच्छेद - १

### १. नाम, विस्तार प्रारम्भः

(क) यस विधानको नाम “राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान, २०४८” रहेको छ ।

(ख) यस पार्टीको नाम “राष्ट्रिय प्रजातन्त्र पार्टी” रहनेछ र संक्षेपमा “राप्रपा” भनिने छ । अंग्रेजी भाषामा "Rastriya Prajatantra Party"भनिने छ र संक्षेपमा "RPP"भनिने छ ।

(ग) यो विधान महाधिबेशनबाट पारित भएको मितिबाट लागु हुनेछ ।

(घ) यो विधान राप्रपाको आदर्श प्रति आस्थावान देशभित्र र वाहिर रहेका राप्रपामा आवद्ध सबै सदस्यहरुमा लागू हुने छ । व्यक्ति तथा निकायहरुमा लागू हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) “विधान” भन्नाले राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान, २०४८ लाई जनाउने छ ।

(ख) “नियम” भन्नाले विधान बमोजिम केन्द्रीय कार्य समितिले तर्जुमा गरेको नियमलाई जनाउँदछ ।

(ग) “अध्यक्ष” भन्नाले राप्रपाको केन्द्रीय लगायत सवै तहका अध्यक्षलाई जनाउँदछ ।

(घ) “समिति” भन्नाले यस विधान बमोजिम गठन हुने सबै तहका कार्य समितिलाई जनाउँदछ ।

(ङ) “सदस्य” भन्नाले पदाधिकारी समेतलाई जनाउँदछ ।

(च) “नगरपालिका” भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउँदछ ।

(छ) “निर्वाचन” भन्नाले समय समयमा निर्वाचन आयोगद्वारा सञ्चालन गरिने निर्वाचनहरु र यो विधान वमोजिम समय समयमा सम्पन्न हुने पार्टीको विभिन्न तहका निर्वाचन समेतलाई जनाउँदछ ।

(ज) “संविधान” भन्नाले नेपालको संविधान २०७२ लाई जनाउँछ ।

(झ) “स्थानीय तह” भन्नाले बुथ कमिटि देखि जिल्ला तहसम्मका सबै तहलाई जनाउँछ ।

(ञ) “संयोजित संगठन” भन्नाले पार्टीको सिद्धान्त प्रति प्रतिवद्ध रही गठन भएका सबै तहका पेशागत तथा व्यावसायिक भातृ तथा भगिनी संगठनहरुलाई जनाउने छ ।

(ट)“केन्द्रीय निकाय” भन्नाले केन्द्रीय महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय कार्यसमिति, केन्द्रीय कार्यसम्पादन समिति, निर्देशन समिति, यस विधान बमोजिम गठन भएका केन्द्रीय तहका अन्य निकाय र केन्द्रीय विभाग समेतलाई जनाउँछ ।

(ठ)“प्रदेश” भन्नाले नेपालको संविधानमा व्यवस्था गरिएका प्रदेशलाई जनाउँदछ ।

## ३. कार्यालय:

पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा, प्रदेश कार्यालय प्रदश सदरमुकाममा र जिल्ला तहको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ । अन्य तहका कार्यालयहरु सम्बन्धित तहको कार्य समितिले निर्णय गरे अनुसार रहनेछ ।

## ४. झण्डा, छाप र पार्टीको चुनाव चिन्ह

(क) ठाडो रूपमा क्रमश: रातो, पहेंलो र नीलो रंग भएको झण्डाको मध्य भागमा “गाई अंकित लोगो” भएको पार्टीको झण्डा हुनेछ ।

(ख) गोलाकार रेखाभित्र सबैभन्दा माथि राष्ट्रिय प्रजातन्त्र पार्टी सो मुनि सम्बन्धित तहको कार्य समितिको नाम, सो मुनि कार्यालय रहेको स्थान भएको पार्टीको छाप हुनेछ ।

(ग) पार्टीको चुनाव चिन्ह “हलो” हुनेछ । जो अनुसुची “ख” मा उल्लेख गरिएको छ ।

## परिच्छेद - २

### ५.१ उद्देश्यः

जनतामा निहीत सार्वभौमसत्ता, राजकीयसत्ता, वहुदलीय प्रजातन्त्र तथा प्रचलित संविधान प्रति प्रतिबद्ध रही,

- उदार, प्रजातान्त्रिक एवं शोषणरहित समाजको स्थापना गर्नु,
- सबै क्षेत्र, जाति, जनजाति र वर्गको सर्वाङ्गिण र सन्तुलित विकासद्वारा नेपाललाई समुन्नत, सुदृढ र समृद्ध तुल्याउनु,
- नेपालको राष्ट्रिय हक-हितको संरक्षण र सम्वर्द्धन गर्दै प्रजातान्त्रिक संरचना भित्र राष्ट्रियताको आधारलाई व्यापक तथा सुदृढ तुल्याउनु,
- उदार प्रतिस्पर्धात्मक खुल्ला अर्थ व्यवस्थाको माध्यमबाट देशमा दिगो विकास एवं गरीवी र पिछडिएका वर्गको आर्थिक र सामाजिक उन्नतिमा टेवा पुऱ्याउनु,
- सनातनदेखि चलिआएको नेपालको परम्परागत धर्म, संस्कृति, राष्ट्रिय सम्पदा र इतिहासको रक्षा गर्नु,
- संयुक्त राष्ट्र संघको वडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, मानवाधिकारका विश्वव्यापी मान्यताप्रति प्रतिवद्ध रहनु,
- समावेशी, समानुपातिक र समतामूलक राज्य र समाजको स्थापना गर्नु,
- अन्तरराष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतामा आधारित रहेर नेपालको परराष्ट्र नीतिको सञ्चालन गर्नु,
- जनताको नैतिक विवेकशील र आदर्श जीवन शैलीलाई प्रेरित गर्नु राप्रपाको उद्देश्य रहनेछ ।

**५.२वैचारिक दर्शन**: राष्ट्रियता, प्रजातन्त्र र उदारवादको वृहत चिन्तनमा आधारित "सम्बर्धनवाद"(निरन्तरता सहितको परिवर्तन) राप्रपाको वैचारिक दर्शन हुनेछ ।

**५.३ आदर्श पुरुष**: राप्रपाले राष्ट्रनिर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई आदर्श पुरुषका रुपमा सम्मान गर्नेछ ।

### ६. सदस्यताः

पार्टीको सदस्यता देहाय बमोजिम हुनेछ :

(क) साधारण

(ख) सक्रिय

**(क) साधारण सदस्य** : साधारण सदस्यताका लागि देहाय वमोजिमको योग्यता हुनु पर्नेछ :–

१. नेपाली नागरिक ।

२. १८ वर्ष उमेर पूरा भएको ।

३. पार्टीको सिद्धान्तलाई आत्मसात गरेको ।

४. फौजदारी कसुरमा दोषी नभएको

५. उपरोक्त योग्यता भएको व्यक्तिले वार्षिक सदस्यता शुल्क वापत रु.१०।- तिरी साधारण सदस्यता प्राप्त गर्नेछ ।

६. साधारण सदस्यता जुनसुकै बेलापनि प्राप्त गर्न सकिने छ । तर, केन्द्रीय निर्वाचन समितिले पार्टीको गाउँ वा नगर वडा परिषद् तथा कार्यसमितिको लागि निर्वाचनको कार्यतालिका घोषणा गरेपछी तोकीएको समयवधिका निमित्त साधारण सदस्यता वितरण कार्य स्थगित रहने छ ।

**(ख) सक्रिय सदस्यः**

१. प्रत्येक महिना कम्तिमा ३० तीस घण्टा पार्टीसँग सम्बन्धित कार्यमा संलग्न रहेको तथा पार्टीको प्रचार प्रसार, सदस्यता वितरण, पार्टी संगठन निर्माण लगायतका पार्टीका अन्य कार्यमा सक्रिय भई काम गरेका कुनै पनि साधारण सदस्यले वार्षिक शुल्क रु. १५०।- एक सय पचास रुपैंया संलग्न राखी पार्टीको सक्रिय सदस्यताको लागि दरखास्त दिन सक्नेछ,

२. उपरोक्त बमोजिम प्राप्त हुन आएको दरखास्त माथि सम्बन्धित स्थानीय गाउँपालिका वा नगरपालिका कार्य समितिले छानविन गरी आफ्नो राय सहित जिल्ला कार्य समितिमा पठाउनु पर्नेछ । प्राप्त दरखास्तको आधारमा सक्रिय सदस्यता प्रदान गर्ने अधिकारप्राप्त निकाय वा पदाधिकारीले सम्बन्धित साधारण सदस्यलाई शुल्क रु. १५०।- एक सय पचास रुपैया लिएर सक्रिय सदस्यता प्रदान गर्न सक्नेछ ।

३. सक्रिय सदस्यताको प्रमाण-पत्र सामान्यतया केन्द्रीय कार्य सम्पादन समितिले प्रदान गर्नेछ । केन्द्रीय कार्य सम्पादन समितिले यो अधिकार प्रदेश कार्य समिति, जिल्ला कार्य समिति वा कुनै पदाधिकारी वा सक्रिय सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

४. विशेष अवस्थामा केन्द्रीय अध्यक्षले कुनै पनि साधारण सदस्यलाई निजले सक्रिय सदस्यताको लागि दिएको दरखास्तको आधारमा शुल्क वापत रु.१५०।- (एक सय पचास रुपैंया) लिई सक्रिय सदस्यता दिनसक्ने छ । त्यस्तो सदस्यको नाम सचिवालयले सम्बन्धित जिल्ला तथा प्रदेश समितिलाई पठाउनु पर्नेछ ।

५. सक्रिय सदस्यका लागि योग्यता पुगेको व्यक्तिले चाहेमा चारवर्षको लागि एकमुष्ट रु.५००।- (पाँचसय रुपैया) तिरेर सक्रिय सदस्यता लिन सक्नेछ ।

६. पार्टीको सबै तहमा निर्वाचित वा मनोनित हुन तथा पार्टीको तर्फबाट स्थानिय तह/प्रदेशसभा/प्रतिनिधिसभामा उमेदवार हुन पार्टीको सक्रिय सदस्य हुनु अनिवार्य रहनेछ । तर, अन्य कुनै पार्टीबाट प्रवेश गर्ने वा कुनै विशिष्ट व्यक्तित्वको हकमा पार्टीको केन्द्रीय कार्य सम्पादन समितिले निर्णय गरे बमोजिम हुने कुरामा यो व्यवस्थाले बाधा उत्पन्न गरेको मानिने छैन ।

७. सक्रिय सदस्यता वितरण, नविकरण, प्रमाणिकरण, शपथ, अधिकार र कर्तव्य सक्रिय सदस्यता निर्देशिका बमोजिम हुनेछ ।

८. पार्टीको स्थानीय तहको निर्वाचन र केन्द्रीय महाधिवेशनलाई दृष्टिगत गरी उपयुक्त समयसम्म सक्रिय सदस्यता वितरण स्थगित गरिनेछ ।

**(ग) सदस्यहरुको अभिलेख:**

१. साधारण सदस्यहरुको नाम, थर वतनको अभिलेख सम्बन्धित गाउँ/नगर, क्षेत्र, जिल्ला र प्रदेशतहका कार्यसमितिहरुमा रहनेछ ।

२. सक्रिय सदस्यहरुको नाम, थर वतन सहितको अभिलेख केन्द्रीय सचिवालयमा राखिने छ । जिल्ला भित्रका सम्पूर्ण सक्रिय सदस्यहरुको अभिलेखको एक प्रति जिल्ला कार्य समितिले प्रदेश कार्य समितिमा र प्रदेश कार्यसमितिले केन्द्रमा पठाउनु पर्नेछ ।

३. केन्द्रीय महाधिवेशन प्रतिनिधि छनौट प्रयोजनको निमित्त केन्द्रीय सचिवालयले उपयुक्त समयमा केन्द्रीय निर्वाचन समिति लाई सक्रिय सदस्यहरुको नामावली सहितको अभिलेख उपलव्ध गराउने छ ।

**(घ) सदस्यताको अन्त्य :**

१. देहायका अवस्थामा सदस्यताको अन्त्य हुनेछ :

(क) मृत्यु भएमा ।

(ख) राजीनामा दिई स्वीकृत भएमा ।

(ग) सदस्यताको नवीकरण नगरेमा ।

(घ) अनुशासनको कारवाहीमा परी निष्काशित भएमा ।

(ङ) अन्य पार्टीको सदस्य भएमा ।

(च) मानसिक असन्तुलन भएमा ।

(छ) साधारण सदस्य नरहेमा ।

(ज) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा ।

(झ) कुनै पनि निर्वाचन (पार्टीको आन्तरिक निर्वाचन बाहेक) मा पार्टीको आधिकारिक उम्मेद्वारलाई असहयोग गरेमा, बागी उम्मेद्वारी दिएमा ।

## परिच्छेद: ३

### ७. निर्वाचनतथा प्रतिनिधित्व

(क) यो विधान बमोजिम पार्टीको स्थानीय तहका परिषद तथा कार्यसमितिहरुको निर्वाचन हुनेछ ।

(ख) निर्वाचन वा मनोनयन गरी पार्टीको सबै तहको कार्य समितिमा ३३ प्रतिशत महिला सुनिश्चित गर्नु पर्नेछ ।

(ग) पार्टीको सबै तहको कार्य समितिमा आदिवासी, जनजाती, दलित, मधेशी, मुस्लिम, थारु, पिछडावर्ग र अन्य अल्पसंख्यक वर्गको प्रतिनिधित्व यथासम्भव सुनिश्चित गर्नु पर्नेछ ।

(ग) पार्टीको सबै तहको कार्य समितिहरुमा संयोजित संगठनका सम्बन्धित तहका अध्यक्षहरु पदेन सदस्य रहने छन् ।

(घ) सम्बन्धित तहका संयोजित संगठनका अध्यक्षहरु सम्बन्धित तहको परिषद सदस्य रहनेछन् ।

(ङ) कुनै पनि तहका कार्य समितिहरु आफुलाई निर्वाचित गराउने परिषद् र माथिल्लो तहप्रति उत्तरदायी रहनेछन् ।

### ८. संगठनको तह:

पार्टीको संगठनात्मक ढाँचा देहाय बमोजिम हुनेछ :–

**(क) बुथ स्तर :**

१. बुथ परिषद्
२. बुथ कार्य समिति

**(ख) वडा स्तर**

१. वडा परिषद
२. वडा कार्य समिति

**(ग) गाउँ तथा नगरस्तर :**

१. गाउँ परिषद्
२. गाउँ कार्य समिति
३. महानगर/उपमहानगर/नगर परिषद्
४. महानगर/उपमहानगर/नगर कार्य समिति

**(ग) क्षेत्रीय स्तर :**
१. प्रदेशसभा निर्वाचन क्षत्र क्षेत्रीय परिषद
२. प्रदेशसभा निर्वाचन क्षत्र क्षेत्रीय कार्य समिति
३. प्रतिनिधिसभा निर्वाचन क्षत्र क्षेत्रीय परिषद ।
४. प्रतिनिधिसभा निर्वाचन क्षत्र क्षेत्रीय कार्य समिति ।

**(घ) जिल्ला स्तर :**
१. जिल्ला परिषद्
२. जिल्ला कार्य समिति

**(ङ) प्रदेश स्तर :**
१. प्रदेश परिषद्
२. प्रदेश कार्य समिति

**(च) केन्द्रीय स्तरः**
१. केन्द्रीय महाधिवेशन
२. केन्द्रीय परिषद्
३. केन्द्रीय कार्य समिति
४. केन्द्रीय कार्य सम्पादन समिति
५. निर्देशन समिति
६. अन्य समिति र विभागहरु

## ९. बुथ परिषद/बुथ कार्य समितिः

(क) निर्वाचन आयोगबाट निर्धारित गाउँपालिका र नगरपालिकाको हरेक बुथ अन्तर्गतको क्षेत्रमा पार्टीको साधारण सदस्यता लिएका सबै सदस्यहरु भएको एक बुथ परिषद रहने छ ।

(ख) बुथ परिषदका सदस्यहरु मध्यबाट गाउँ कार्य समितिले कम्तिमा ५ जना रहेको बुथ कार्य समिति गठन गर्नेछ । तर एउटा वडामा एउटा मात्र बुथ भएको अवस्थामा बुथ समिति गठन गरिने छैन, आवश्यकता अनुसार टोल समितिहरु गठन गर्न सकिनेछ ।

## १०. वडा परिषद/वडा कार्य समितिः

(क) गाउँपालिका/नगरपालिकाको वडामा पार्टीको साधारण सदस्यता लिएका सबै साधारण सदस्यहरु सम्बन्धित वडा परिषदका सदस्य हुनेछन् ।

(ख) **गाउँपालिकामा वडा कार्य समिति** गठन गर्न सम्बन्धित वडामा कम्तिमा ५१ (एकाउन्न जना) साधारण सदस्य भएको हुनु पर्दछ । गाउँपालिकाको वडा कार्यसमितिमा अध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिब-१, कोषाध्यक्ष - १, सह सचिब - १ र सदस्यहरु समेत गरी १५ जना सम्म रहने छन् ।
वडा परिषदका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष-१ र ११ जना अर्थात ७५ (पचहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट ३ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

ग) **नगरपालिकामा वडा कार्य समिति** गठन गर्न सम्बन्धित वडामा कम्तिमा ७५ (पचहत्तर) जना साधारण सदस्य हुनु पर्दछ । नगरपालिकाको वडा कार्यसमितिमा अध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिव-१, कोषाध्यक्ष - १, सह सचिव - १ र सदस्यहरु समेत गरी २१ जना सम्म रहने छन् ।
वडा परिषदका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष-१ र १५ जना अर्थात ७५ (पचहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट ५ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

(घ) **उपमहानगरपालिकामा वडा कार्य समिति** गठन गर्न सम्बन्धित वडामा कम्तिमा १०१ (एकसय एक) जना साधारण सदस्य हुनु पर्दछ । उपमहानगरपालिकाको वडा कार्यसमितिमा अध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिव-१, कोषाध्यक्ष - १, सह सचिव - १ र सदस्यहरु समेत गरी ३१ जना सम्म रहने छन् ।
वडा परिषदका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष-१ र २३ जना अर्थात ७५ (पचहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट ७ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

(ड) **महानगरपालिकामा वडा कार्य समिति** गठन गर्न सम्बन्धित वडामा कम्तिमा १५१ (एकसय एकाउन्न) जना साधारण सदस्य हुनु पर्दछ । नगरपालिकाको वडा कार्यसमितिमा अध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिव-१, कोषाध्यक्ष - १, सह सचिव - १ र सदस्यहरु समेत गरी ४१ जना सम्म रहने छन् ।
वडा परिषदका सदस्यहरुले आफुमध्यबाट अध्यक्ष-१ र ३० जना अर्थात ७५(चहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट १०

जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले म्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

**११. गाउँ/महानगर/उपमहानगर/नगर परिषद्:**

(क) गाउँपालिकाका सम्पुर्ण वडा कार्य समितिका पदाधिकारी तथा सदस्यहरु भएको पार्टीको गाउँ परिषद् तथा नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाको सम्पुर्ण वडा कार्य समितिका पदाधिकारी र सदस्यहरु भएको पार्टीको नगर परिषद् गठन हुनेछ ।

(ख) गाउँ परिषद्ले गाउँ कार्य समिति र महानगर/उपमहानगर/नगर परिषद्ले सम्बन्धित तहको नगर कार्य समिति निर्वाचित गर्नेछ ।

**१२. गाउँ/नगर कार्य समितिः**

(क) गाउँ कार्य समितिमा अध्यक्ष-१, एक महिला सहितको उपाध्यक्ष-३, सचिब-१, कोषाध्यक्ष-१, सहसचिब-२ र सदस्यहरु गरी ३१ जनासम्म रहनेछन् ।

(ख) नगर कार्य समितिमा अध्यक्ष-१, महिला सहित उपाध्यक्ष-३, सचिब-१, कोषाध्यक्ष-१, सहसचिब -२ जना र सदस्यहरु समेत गरी वडाको संख्याको आधारमा २१ (एक्काइस) देखि ४३ (त्रिचालिस) जना सम्म रहनेछन् ।

(ग) गाउँ कार्य समितिका अध्यक्ष र २३ जना अर्थात ७५ (पचहत्तर) प्रतिशत सदस्य सम्बन्धित परिषद्ले निर्वाचित गर्नेछ, बाँकी ७ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्य निर्वाचित अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट मनोनित गर्नेछ । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

(घ) नगर कार्य समितिका अध्यक्ष र ७५ (पचहत्तर) प्रतिशत सदस्य सम्बन्धित परिषद्ले निर्वाचित गर्नेछ, बाँकी २५ (पच्चिस) प्रतिशत सदस्य अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट मनोनित गर्नेछ । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

**१३. प्रदेशसभा निर्वाचन क्षेत्रिय परिषद्:**

प्रदेशसभा निर्वाचन क्षेत्रिय परिषदमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :–

(क) प्रदेशसभा निर्वाचन क्षेत्रभित्रका पार्टी गाउँ कार्य समितिका अध्यक्ष, तथा गाउँ कार्य समितिले आफुमध्येबाट महिला- १, उत्पिडित-१, सहित समावेशी सिद्धान्तको आधारमा छानी पठाएका ६ जना प्रतिनिधिहरु,

(ख) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्र भित्रका पार्टी नगर कार्यसमितिका दाधिकारीहरु र सदस्यहरु,

(ग) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रभित्रका गाउँ/नगर/उपमहानगर/ महानगर वडा कार्य समितिका अध्यक्ष र महिला- १,

(घ) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रभित्रबाट संघिय र प्रदेश संसदमा पार्टीको तर्फ निर्वाचित सांसदहरु,

(ङ) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगर/उपमहानगर/ महानगरपालिकामा निर्वाचित मेयर तथा उपमेयरहरु

(च) उपरोक्त बमोजिम गर्दा ५१ जना भन्दा कम परिषद सदस्य हुने प्रदेशसभा निर्वाचन क्षेत्रीय परिषदमा सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रीयपरिषद भित्रका गाउँपालिका /नगरपालिका/उपमहानगरापलिका/महानगरपालिकाका सम्बन्धित वडाबाट समान प्रतिनिधित्व हुने गरी वडा कार्य समितिले बढिमा ५१ जना परिषद सदस्य दामासाहीले हुने गरि पठाउने छ ।

## १४.प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्य समिति :-

(क) प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमितिमा अध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिव-१, कोषाध्यक्ष - १, सह सचिव - १ र सदस्यहरु समेत गरी २१ जना सम्म रहने छन् ।प्रदेशसभा निर्वाचन क्षेत्रिय परिषदका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष-१ र १५ जना अर्थात ७५(पचहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट ५ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

(ख) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रबाट निर्वाचित केन्द्रीय सदस्य एवं प्रदेशसभा/ प्रतिनिधिसभामा पार्टीको तर्फबाट निर्वाचित सांसदहरु प्रदेशसभा क्षेत्रीय कार्य समितिका पदेन सदस्य रहने छन् ।

## १५. प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय परिषदः-

प्रतिनिधिसभा निर्वाचन क्षेत्रिय परिषदमा देहाय बमोजिमका सदस्यहरु रहने छन् :

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका पार्टी गाउँ कार्यसमितिका अध्यक्ष, तथा गाउँ कार्य समितिले आफुमध्येबाट महिला- १, उत्पिडित-१, सहित समावेशी सिद्धान्तको आधारमा छानी पठाएका ६ जना प्रतिनिधिहरु,

(ख) सम्बन्धित प्रतिनिधिसभा निर्वाचन क्षेत्र भित्रका पार्टी नगर कार्यसमितिका पदाधिकारी र सदस्यहरु,

(ग) सम्बन्धित प्रतिनिधिसभा निर्वाचन क्षेत्रभित्रका गाउँ/नगर/उपमहानगर/ महानगर पालिका वडा कार्यसमितिका अध्यक्ष र महिला- १,

(घ) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रभित्रबाट संघिय र प्रदेश संसदमा पार्टीको तर्फ निर्वाचित सांसदहरु,

(ड) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रभित्रका गाउँपालिका र नगर/उपमहानगर/महानगरपालिकामा निर्वाचित मेयर तथा उपमेयरहरु

## १६. प्रतिनिधिसभा निर्वाचन कार्य समितिः-

(क) प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्य समितिमाअध्यक्ष - १, महिला एक सहित उपाध्यक्ष - ३, सचिब-१, कोषाध्यक्ष - १, सह सचिब - १ र सदस्यहरु समेत गरी २१ जना सम्म रहने छन् ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय परिषदका सदस्यहरुले आफुमध्येबाट अध्यक्ष-१ र १५ जना अर्थात ७५(पचहत्तर) प्रतिशत सदस्यहरु निर्वाचन गर्नेछन् । अध्यक्षले परिषद् सदस्यहरु मध्येबाट ५ जना अर्थात २५ (पच्चिस) प्रतिशत सदस्यहरु मनोनित गर्नेछन् । अध्यक्षले सम्बन्धित कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारी तोक्नेछ ।

(ख) सम्बन्धित जिल्ला भित्रका प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्य समितिका अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

(ग) सम्बन्धित प्रदेशसभा निर्वाचन क्षेत्रबाट निर्वाचित केन्द्रिय सदस्य एवं प्रदेशसभा/प्रतितिनिधिसभामा पार्टीको तर्फबाट निर्वाचित सांसदहरु प्रदेशसभा क्षेत्रिय कार्य समितिका पदेन सदस्य रहने छन् ।

## १७. जिल्ला परिषद्:

(क) जिल्ला परिषद्मा देहाय वमोजिमका सदस्यहरु रहनेछन् :

१. जिल्ला अन्तर्गतका सबै प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,

२. जिल्ला अन्तर्गतका सबै प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,

३. जिल्ला भित्रका सबै गाउँ कार्य समितिका अध्यक्षहरु,

४. जिल्ला भित्रका सबै गाउँ/नगर/उपमहानगर/महानगर कार्य समितिका अध्यक्ष तथा नगर कार्य समितिले छानी पठाएका महिला-१, उत्पिडित-१ सहित ४ जना,

५. जिल्ला भित्रका सबै गाउँ/नगरपालिका/उपमहानगरपालिका/ महानगर पालिकाका वडा अध्यक्षहरु,

६. जिल्ला अधिवेशन सम्पन्न गरि सकेका प्रत्येक संयोजित संगठनबाट अध्यक्ष सहित ४ जना

(ख) एउटा मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला परिषद्को गठन देहाय वमोजिम हुनेछः

१. जिल्ला अन्तर्गतका प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,
२. जिल्ला भित्रका सबै गाउँ कार्य समितिका अध्यक्षहरु तथा गाउँ कार्य समितिले छानी पठाएका महिला-१, उत्पिडित-१ सहित ४ जना,
३. जिल्ला भित्रका सबै गाउँ/नगरपालिका/उपमहानगरपालिका/ महानगर पालिका कार्य समितिका अध्यक्ष तथा नगर कार्य समितिले छानी पठाएका महिला-१, उत्पिडित-१ सहित ४ जना,
५. जिल्ला भित्रका सबै गाउँ/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाका वडा अध्यक्षहरु,
६. जिल्ला अधिवेशन सम्पन्न गरि सकेका संयोजित संगठन प्रत्येकबाट अध्यक्ष सहित ४ जना

(ग) एउटा पनि गाउँ कार्य समिति नभएको तथा नगर कार्य समिति मात्र भएको जिल्लाको हकमा जिल्ला परिषद्को गठन देहाय बमोजिम हुनेछः
१. जिल्ला अन्तर्गतका सबै प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,
२. जिल्ला अन्तर्गतका सबै प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरु,
३. जिल्ला भित्रका सबै नगर कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु,
४. जिल्ला भित्रका सबै नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाका वडा अध्यक्षहरु तथा वडा कार्यसमितिले छानी पठाएका महिला-१, उत्पिडित-१ सहित ४ जना,
५. जिल्ला अधिवेशन सम्पन्न गरि सकेका संयोजित संगठन प्रत्येकबाट अध्यक्ष सहित ४ जना

## १८. जिल्ला कार्यसमिति

जिल्ला कार्य समितिको गठन देहाय बमोजिम हुनेछः

(क) जिल्ला कार्य समितिमा अध्यक्ष-१, एक महिला सहित उपाध्यक्ष-३, सचिब-१, प्रवक्ता-१, कोषाध्यक्ष-१, सहसचिब-२ जना र सदस्यहरु समेत गरी पदेन वाहेक २५ (पच्चीस) देखि ६५ (पैसठ्ठी) जनासम्म रहनेछन् । जिल्ला कार्य समितिको सदस्य संख्या किटान गर्दा १ (एक) मात्र निर्वाचन क्षेत्र भएका जिल्लामा २५ जना र त्यसपछि प्रत्येक थप निर्वाचन क्षेत्र ६/६ (छ/छ) जनाको दरले संख्या थप गर्नुपर्नेछ ।

(ख) जिल्ला कार्य समितिको अध्यक्ष र ७५ (पचहत्तर) प्रतिशत सदस्य जिल्ला परिषद्ले आफू मध्येबाट निर्वाचित गर्नेछ । बाँकी २५ (पच्चिस) प्रतिशत सदस्य अध्यक्षले जिल्ला परिषद्का सदस्यहरु मध्येबाट मनोनित गर्नेछ । जिल्ला कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारीहरु अध्यक्षले तोक्नेछ ।

(ग) सम्बन्धित जिल्ला भित्रका प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय कार्य समितिका अध्यक्षहरु पदेन सदस्य रहनेछन् ।

(घ) सम्बन्धित जिल्लाबाट प्रतिनिधित्व गर्ने पार्टीको केन्द्रीय सदस्य एवं सांसदहरु पदेन सदस्य हुनेछन् ।

(ङ) जिल्ला भित्रका नगर कार्य समितिका अध्यक्षहरु, गाउँकार्य समितिका अध्यक्षहरु पदेन सदस्य हुनेछन् ।

(च) जिल्ला कार्य समितिले आफ्नो बैठक नबसेको समयमा अति आवश्यक विषयमा निर्णय गर्नका लागि पदाधिकारी सहितको ९ सदस्यीय जिल्ला कार्य सम्पादन समिति गठन गर्न सक्नेछ ।

**१९. प्रदेश परिषद्/ प्रदेश कार्य समिति :**

**(क) प्रदेश परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:**

१. सम्बन्धित प्रदेशभित्रका जिल्ला कार्य समितिका अध्यक्ष तथा जिल्ला कार्य समितिले आफु मध्येबाट पठाएका महिला-१, उत्पिडित-१ सहित७ जना प्रतिनिधिहरु

२. प्रदेश अन्तर्गतका सबै प्रदेशसभा क्षेत्रीय कार्य समितिका अध्यक्षहरु तथा सम्बन्धित प्रदेशसभा क्षेत्रीय कार्य समितिले आफु मध्येबाट छानिएका महिला-१, उत्पिडित-१ सहित ४ जना प्रतिनिधिहरु

३. प्रदेश अन्तर्गतका प्रतिनिधिसभा क्षेत्रीय कार्य समितिका अध्यक्षहरु तथा सम्बन्धित प्रतिनिधिसभा क्षेत्रीय कार्य समितिले आफु मध्येबाट पठाएका महिला-१, उत्पिडित-१ सहित ५ जना प्रतिनिधिहरु

४. प्रदेश अन्तर्गतका नगरपालिका कार्य समितिका अध्यक्षहरु

५. प्रदेश अन्तर्गतका गाउँपालिका कार्य समितिका अध्यक्षहरु

**(ख) प्रदेश कार्य समितिः प्रदेश कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :**

(१) अध्यक्ष-१, उपाध्यक्ष एक महिला सहित -३, सचिब- १, प्रवक्ता -१, कोषाध्यक्ष-१, सह सचिब २ जना र सदस्यहरु समेत गरी पदेन वाहेक कम्तिमा ३५ (पैंतिस) जनासम्म रहनेछन् । प्रदेश कार्य समितिको सदस्य संख्या किटान गर्दा ८ (आठ) मात्र जिल्ला क्षेत्र भएका जिल्लामा ३५ जना र त्यसपछि प्रत्येक थप जिल्लामा २/२ (दुई दुई जनाको दरले संख्या थप गर्नु पर्नेछ ।

(२) अध्यक्ष र ७५ (पचहत्तर) प्रतिशत सदस्य प्रदेश परिषद्ले आफु मध्येबाट निर्वाचित गर्नेछ । बाँकी २५ (पच्चिस) प्रतिशत सदस्य अध्यक्षले प्रदेश परिषद्का सदस्यहरु मध्येबाट मनोनित गर्नेछ । प्रदेश कार्य समितिका सदस्यहरु मध्येबाट पदाधिकारीहरु अध्यक्षले तोक्नेछ ।

(३) सम्बन्धित प्रदेशबाट प्रतिनिधित्व गर्ने पार्टीको केन्द्रीय सदस्य एवं सम्बन्धित प्रदेशसभा/प्रतितिनिधिसभामा पार्टीको तर्फबाट निर्वाचित सांसदहरु प्रदेश कार्य समितिका पदेन सदस्य रहने छन् ।

## २०. स्थानीय परिषद्हरुको काम, कर्तव्य र अधिकार :

वडादेखि जिल्लास्तर सम्मका विभिन्न तहका पार्टीका परिषद्हरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछन् :

(१) कार्य समितिले विधानमा तोकेको काम, कर्तव्यको पालना गरेको छ, छैन भन्ने कुराको रेखदेख, मुल्याङ्कन, अनुगमन तथा मार्गदर्शन गर्ने,

(२) कार्य समितिले पेश गरेका कुराहरुमा छलफल गरी आवश्यकता अनुसार अनुमोदन र स्वीकृति प्रदान गर्ने,

(३) आ-आफ्नो कार्य समितिको निर्वाचन गर्ने,

(४) कार्य समितिले पेश गरेको आय व्ययको विवरणमा छलफल गरी पारित गर्ने ।

## २१. स्थानीय कार्य समितिहरुको काम, कर्तव्य र अधिकार :

वडादेखि जिल्लास्तर सम्मका पार्टीका विभिन्न तहका कार्य समितिहरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

१. पार्टीको नीति, सिद्धान्त, कार्यक्रम तथा निर्देशनहरुको पालना गर्ने,

२. जनताको दैनिक समस्याहरु समाधान गर्न सहयोग गर्ने,

३. जनताको हकहित हुने कार्यक्रमको नेतृत्व प्रदान गर्ने र त्यस्ता कार्यक्रम सञ्चालन गर्ने,

४. पक्षपात, अन्याय, अत्याचार, थिचोमिचो लगायत विविध स्थानीय समस्याहरुको विरोधमा कार्यक्रमहरु सञ्चालन गर्ने,

५. पार्टीप्रति अनुशासन र लगनशील कार्यकर्ताहरुको जमात तयार गर्ने ।

६) आ-आफ्नो तहका स्थानीय निकायहरुमा निर्वाचित पार्टीका सदस्यहरु र संयोजित संगठनहरु बीच परस्पर सहयोग,समन्वय र सदभावना अभिबृद्धि गर्ने ।

७) पार्टी संगठनलाई सुदृढ बनाउन प्रभावकारी योगदान गर्न सदा सक्रिय रहने ।

८) राजनैतिक, आर्थिक, सामाजिक, शैक्षिक, व्यापारिक, शान्ति सुरक्षा तथा विकास लगायत जनताका पिरमर्का र सरोकारका विषयहरुमा आवाज उठाउने तथा ती समस्याहरुको सामधानमा पहल गर्ने ।

९) सभा, सम्मेलन, सेमिनार, गोष्ठि, प्रशिक्षण तथा तालिम आदि गर्ने गराउने ।

१०) निरन्तर पार्टीको सदस्यता अभिबृद्धि गर्ने, सदस्यता नवीकरण गर्ने, सक्रिय सदस्यताको लागि सिफारिस गर्ने कार्यमा क्रियाशील रहने

११) कार्यकर्ताहरुको रेकर्ड अध्यावधिक राख्ने तथा राख्न लगाउने ।

१२) जिल्लाको राजनीतिक तथा भौगोलिक परिस्थिती र आवश्यकता अनुसार राजनीतिक परिचालनको लागि जिल्ला कार्य समितिले जिल्ला विकास समितिको गठनको निमित्त तोकिएको इलाकाहरुमा बढीमा ९ जना सम्मको पार्टी इलाका समन्वय समिति गठन गर्न सक्नेछ ।

१३) पार्टीको हित विपरीत काम गर्ने,पार्टी भित्र फुट ल्याउने,पार्टी एकतामा खलल ल्याउने,पार्टी निर्णय उल्लंघन गर्ने तथा पार्टीको आधिकारिक उम्मेदवारका विरुद्ध उम्मेद्वार बन्ने, समर्थक वा प्रस्तावक बन्ने र यस्ता उम्मेदवारको प्रचार प्रसार गर्ने जस्ता कार्य गरेमा यस्ता पार्टी सदस्यहरुलाई निलम्वन गर्न तथा त्यस्ता सदस्यहरु उपर अनुशासनको कारवाही गर्न एक तह माथिको कार्य समितिमा सिफारिस गर्ने ।

१४) जिल्ला स्तरमा जिल्ला र मातहत तहका पार्टी कार्यकर्ताहरु उपर अनुशासनको कारवाहीको लागि सिफारिस गर्न जिल्ला कार्य समितिले ३ सदस्यीय अनुशासन समिति गठन गर्ने ।

१५) आ-आफ्नो तहको निर्वाचन सम्पन्न गर्न गराउन केन्द्रीय निर्वाचन समितिको निर्देशन भित्र रही विभिन्न तहमा निर्वाचन समितिहरु गठन गर्ने तथा

१६) नियमित रुपमा बैठक गर्ने, केन्द्र र प्रदेशको समय समयमा हुने निर्णय तथा नीति निर्देशनको पालना एवं कार्यान्वयन गर्ने कार्य समितिले आवश्यक देखेका अन्य कामहरु गर्ने गराउने ।

(१७) स्थानीय तहबाट अन्य माथिल्लो तहमा र महाधिबेशन प्रतिनिधि छनौट गर्दा सम्बन्धित परिषदले नै निर्वाचिन प्रक्रिया अपनाई छनौट गर्नेछ ।

(१८) स्थानीय तहको निर्वाचन हुनुभन्दा कम्तीमा एक महिना अगाडि नै सम्बन्धित कार्य समितिले उम्मेद्वारहरुको नामावली माथिल्लो तहमा सिफारिस गर्ने । तल्लो तहले गरेको सिफारिस एक तह माथिको कार्य समितिले निर्णय गरी अनुमोदनको लागि माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

(२०) स्थानीय, धार्मिक, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षणमा सहयोग गर्ने ।

(२१) आफ्नो क्षेत्रमा भएका विकास निर्माण र जन कल्याणका कार्यहरुमा सक्रिय सहभागी भई पार्टी परिचालन गर्ने ।

(२२) पार्टीको तर्फबाट स्थानीय निकायमा निर्वाचित पदाधिकारीहरुसँग समन्वय गरी काम गर्ने ।

(२३) एउटै नगरपालिकाका विभिन्न वडाहरु, अलग अलग निर्वाचन क्षेत्र भित्र परेमा वडाहरुले सम्बन्धित निर्वाचन क्षेत्रीय कार्य समितिसँग र नगर कार्य समितिले जिल्ला कार्य समितिसँग समन्वय गरी काम गर्नु पर्नेछ ।

## २२.१. स्थानीय कार्य समितिको पदाधिकारीहरुका काम कर्तब्य र अधिकार :

क) अध्यक्ष :

१) आ-आफ्नो तहको परिषद र कार्य समितिका बैठकहरुको अध्यक्षता गर्ने ।

२) पार्टीको दैनिक कार्य सञ्चालन गर्ने आवस्यक निर्देशन दिने र कार्य समितिका सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ,

३) सम्बन्धित परिषदले पारित गरेका नीति तथा कार्यक्रम र अन्य निर्देशन कार्यान्वयन गर्ने, गराउने

४) आफूभन्दा माथिल्लो तहवाट प्राप्त निर्देशनहरुको कार्यान्वयन गर्ने, गराउने तथा

५) मातहतका कार्य समितिहरुको कामको समन्वय र अनुगमन गर्ने

ख) उपाध्यक्ष :

१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्ने तथा

२) पार्टीले तोकेको अन्य कार्य गर्ने

ग) सचिब :

१) अध्यक्षको आदेशानुसार कार्य समितिको बैठक बोलाउने

२) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग गर्ने

३) कार्य समितिले पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने

४) अध्यक्षले समय समयमा तोकिदिएको अन्य काम गर्ने

५) आ-आफ्नो तहको परिषद र कार्य समितिको बैठकमा प्रतिवेदन प्रस्तुत गर्ने

६) पार्टीको सबै प्रकारको अभिलेख राख्ने तथा

७) पार्टीको बैठकमा भए गरेका काम कारवाही र निर्णयहरु तथा अन्य क्रियाकलापको जानकारी समयमै केन्द्रिय कार्यालयमा पठाउने

घ) कोषाध्यक्ष :

१) कोषको जिम्मेवारी कोषाध्यक्षमा रहनेछ ,

२) पार्टीको सम्पूर्ण आय व्ययको विवरण राख्ने तथा

३) आवधिक रुपमा लेखापरिक्षकबाट लेखापरिक्षण गराइ कार्य समिति र परिषदमा पेश गर्ने

४) तिन–तिन महिनामा कार्यसमितिको आय व्याय विवरण बैठकमा प्रस्तुत गर्ने

ङ) सह सचिव :
१) सचिबको अनुपस्थितिमा सचिबले गरी आएको सम्पूर्ण कार्य गर्ने तथा
२) पार्टीले अह्राएको अन्य कार्य गर्ने

**२२.२. प्रदेश कार्य समितिको काम, कर्तव्य र अधिकार :**

(क) सम्बन्धित प्रदेश भित्र पार्टीको वडा, गाउँपालिका, नगरपालिका, निर्वाचन क्षेत्र एवं जिल्ला स्तरीय इकाईहरुको गठनलाई पूर्णता दिने र तिनलाई निरन्तर क्रियाशील राख्ने ।

(ख) प्रदेशस्तरीय कार्यक्रमहरु आयोजना गर्ने गराउने ।

(ग) केन्द्रीय कार्य समितिद्वारा निर्धारित कार्यक्रमहरुको कार्यान्वयनमा सदा तत्परताका साथ सम्पन्न गर्ने,

(घ) जिल्लास्तरीय कार्यक्रमहरुको अनुगमन, सुपरिवेक्षण, सहयोगीको भूमिका निर्वाह गर्ने,

(ङ) आफ्नो प्रदेश भित्रका आफूलाई तोकि दिएका जिल्लाहरुका सम्पूर्ण निकायहरुको विवाद समाधानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(च) आवधिक रुपमा आफ्नो प्रदेशको भ्रमण गरी पार्टीलाई दुरुत बनाउन क्रियाशील रहने,

(छ) आवश्यकतानुसार प्रदेश भित्रका कुनै निकाय वा पदाधिकारी वा सदस्यले पार्टीको आचारसंहिता उल्लंघन गरेको छ भन्ने लागेमा अनुशासनको कारवाही गर्न केन्द्रीय समिति समक्ष सिफारिश गर्ने,

(ज) पार्टीले भाग लिने सबै प्रकारका निर्वाचनहरुमा उम्मेदवार छनौट प्रक्रियामा जिल्लासँग समन्वय र सहकार्य गरि केन्द्रलाई सिफारिश गर्ने ।

(झ) पार्टीले प्रदेश कार्य समितिले गर्ने भनी तोकिदिएका अन्य कार्य गर्ने ।

(ञ) कार्यालयः प्रदेश कार्य समितिको कार्यालय प्रदेशको राजधानीमा रहने छ । राजधानी नतोकिएसम्म केन्द्रीय समितिले तोकेको स्थानमा रहने छ ।

(ट) प्रदेश कार्यसमितिको कार्यलाई प्रभावकारीरुपमा सम्पन्न गर्न प्रदेश कार्य समितिको अध्यक्षको अध्यक्षतामा अध्यक्षले ११ जना सम्मको कार्य सम्पादन समिति गठन गर्नेछन् ।

**२३. पार्टीका केन्द्रीय निकायहरु :**

पार्टीका केन्द्रीय निकायहरु देहाय बमोजिम हुनेछन् :
क) केन्द्रीय महाधिवेशन,
ख) केन्द्रीय परिषद,
ग) केन्द्रीय कार्य समिति,
घ) केन्द्रीय कार्य सम्पादन समिति

ङ) निर्देशन समिति
च) केन्द्रीय सल्लाहकार समिति
छ) अनुशासन समिति
ज) संसदीय समिति
झ) लेखा समिति
ञ) न्यायिक समिति
ट) केन्द्रीय निर्वाचन समिति
ठ) अन्य समिति र विभागहरु :
१) संसदीय दल
२) संगठन विभाग
३) सामाजिक विभाग
४) राजनीतिक विभाग
५) अनुसन्धान तथा योजना विभाग
६) आर्थिक विभाग
७) अन्तर्राष्ट्रिय सम्वन्ध विभाग
८) स्थानीय निकाय परिचालन विभाग
९) प्रशिक्षण विभाग
१०) प्रचार विभाग
११) आदिवासी जनजाति विभाग
१२) तराइ मधेश विभाग
१३) गैह्र सरकारी संस्था समन्वय विभाग
१४) संयोजित संगठन समन्वय विभाग
१५) कला साहित्य तथा संस्कृति विभाग
१६) धर्म तथा संस्कृति समन्वय विभाग
१७) खेलकूद विभाग
१८) जनसम्पर्क विभाग
१९) सहकारी समन्वय विभाग
२०) सूचना तथा प्रविधि विभाग
२१) संगीत तथा चलचित्र विभाग
२२) प्रवास विभाग
२३) सम्पर्क समाज समन्वय विभाग
२४) अभिलेख तथा मूल्याङ्कन विभाग
२५) वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन विभाग
२६) शिक्षा विभाग
२७) उद्योग प्रवर्धन विभाग
२८) वाणिज्य क्षेत्र समन्वय विभाग

२९) यातायात विभाग
३०) पर्यटन विभाग
३१) विपद व्यवस्थापन विभाग
३२) अपांग हित सम्बर्द्धन विभाग
३३) मानव अधिकार तथा कानुन विभाग
३४) आर्थिक स्रोत साधन परिचालन समिति
३५) विधान मस्यौदा समिति
३६) समस्या पहिचान तथा सुशासन विभाग
३७) कृषि विभाग
३८) प्रकाशन विभाग
३९) विकास योजना निर्माण विभाग
४०) स्वास्थ्य विभाग
४१) जेष्ठ नागरिक विभाग
४२. रोजगरा प्रर्वद्धन विभाग

छ) उपरोक्त विभाग तथा समितिहरुका अतिरिक्त केन्द्रीय कार्य समितिले अन्य आवश्यक विषयगत समितिहरु समेत गठन गर्न सक्नेछ ।

ज) समितिहरु र विभागहरु गठन गर्दा मधेशी, दलित, आदिवासी जनजाति, महिला, पिछडिएको क्षेत्र र अल्पसंख्यक जातजातिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

झ) माथि उल्लेख भए बमोजिम गठन हुने विभाग तथा समितिहरुको काम कर्तब्य र अधिकार केन्द्रीय कार्य समितिले तोके बमोजिम हुनेछ ।

(ञ) उल्लेखित समिति तथा विभागहरु केन्द्रीय महाधिवेशन सम्पन्न भएको ३ महिना भित्र गठन गरी सक्नु पर्नेछ ।

## २४. केन्द्रीय महाधिवेशन :

केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ । केन्द्रीय महाधिवेशनमा देहाय बमोजिम प्रतिनिधिहरु सहभागी हुनेछन् :

क. देशका सम्पुर्ण गाउँपालिका तथा नगर/उपमहानगर/महानगरपालिकाका पार्टीका अध्यक्षहरु,

ख. देशका सम्पुर्ण प्रदेशसभा क्षेत्रीय कार्य समिति, प्रतिनिधिसभा क्षेत्रीय कार्य समिति, जिल्ला कार्य समिति र प्रदेश कार्य समितिका पार्टीका अध्यक्षहरु,

ग. प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रभित्रका पार्टीका सक्रिय सदस्यहरुबाट देहाय बमोजिम महाधिवेशन प्रतिनिधिहरु प्रत्यक्ष निर्वाचित हुनेछन् :
महिला -३, उत्पीडित-१, आदिवासी/जनजाति/मधेसी/थारु/मुस्लीम/अल्पसंख्यक /अपाङ्ग/ पीछडिएको क्षेत्र बाट २ सहित जम्मा ९ जना ।

घ) केन्द्रीय अधिवेशन सम्पन्न गरि सकेका केन्द्रीय तहका प्रत्येक संयोजित जनवर्गीय संगठनबाट १ महिला सहित ४ जना ।
ङ) पार्टीसँग आबद्ध रहेका प्रवास स्थित संयोजित संस्थाबाट केन्द्रीय कार्य समितिले तोकेको मापदण्ड अनुसार बढिमा १५ जना ।
घ) उपरोक्त बमोजिम महाधिवेशन प्रतिनिधिको जम्मा संख्याको ५ प्रतिशत पार्टीको क्रियाकलापमा विशेष योगदान गरेको तथा निर्वाचनमा विशेष कारणबश भाग नलिएका व्यक्तिहरु मध्येबाट अध्यक्षले मनोनित गरेका व्यक्तिहरु ।

**२५) केन्द्रीय महाधिवेशनको काम, कर्तव्य र अधिकार :**
१) केन्द्रीय कार्य समितिको अध्यक्ष र तोकिए बमोजिम सदस्यहरुको निर्वाचन गर्ने ,
२) पार्टीको नीतिगत विषयहरुमा निर्णय गर्ने,
३) केन्द्रीय कार्य समितिको तर्फबाट प्रस्तुत राजनैतिक, आर्थिक र सामाजिक नीति तथा कार्यक्रमहरुको प्रतिवेदन र अन्य समसामयिक प्रस्ताव माथि छलफल गरी पारित गर्ने,
४) पार्टीका वैचारिक अवधारणा तथा भावी रणनीति तयार गर्ने,
५) पार्टीको समग्र क्रियाकलापको सिंहावलोकन गरी आवश्यक निर्देशन दिने,
६) विधान संशोधन गर्ने

**२६) केन्द्रीय परिषद :**
पार्टीको केन्द्रीय परिषदमा देहाय बमोजिम सदस्यहरु रहनेछन् :
१) केन्द्रीय कार्य समितिका सदस्यहरु,
२) पार्टीका तर्फबाट प्रदेशसभा र प्रतिनिधिसभामा निर्वाचित सांसदहरु,
३) पार्टीका प्रदेश कार्य समिति, जिल्ला कार्य समिति र प्रदेशसभा क्षेत्रिय कार्य समिति तथा प्रतिनिधिसभा क्षेत्रीय कार्य समितिका अध्यक्षहरु,
४) केन्द्रीय अधिवेशन सम्पन्न गरी सकेका पार्टीसँग आवद्ध संयोजित जन वर्गिय संगठनका केन्द्रीय अध्यक्षहरु
५) महानगरपालिका, उपमहानगरपालिकाका पार्टीका अध्यक्षहरु

**२७) केन्द्रीय परिषदका काम, कर्तव्य र अधिकार :**
१) केन्द्रीय परिषदले देशमा विद्यमान राजनैतिक, आर्थिक, सामाजिक एवम् अन्य समसामयिक विषयहरुमा छलफल गरी पार्टीको अवधारणा स्पष्ट गर्नेछ ।
२) पार्टीको गतिविधिको समीक्षा गरी केन्द्रीय कार्य समितिलाई आवश्यक मार्गदर्शन गर्नेछ ।

३) एक महाधिवेशन र अर्को महाधिवेशनको बीचको अवधिमा केन्द्रीय कार्य समितिको निर्वाचन बाहेक महाधिवेशनले गर्ने कुनै काम, कर्तव्य गर्नुपर्ने अवस्था आएमा सो समेत गर्न सक्नेछ ।

४) राष्ट्रिय महत्वको विषयमा तुरुन्त निर्णय गर्नुपर्ने परिस्थिति सिर्जिएमा त्यस्ता विषयमा आवश्यक निर्णय गरी कार्यान्वयन समेत गर्नेछ ।

## २८) केन्द्रीय कार्य समिति :

(१) केन्द्रीय कार्य समिति महाधिबेशन र केन्द्रीय परिषद प्रति उत्तरदायी हुनेछ । केन्द्रीय कार्य समिति ७५ (पचहत्तर) प्रतिशत अर्थात १४९ जना महाधिबेशनबाट निर्वाचित हुनेछ र २५ (पच्चिस) प्रतिशत अर्थात ५० जना अध्यक्षद्वारा मनोनयन गरिने छ । सो ५० जना मध्ये १७ जना महिला समानुपातिक समावेसिको आधारमा मनोनित गर्नु पर्नेछ । त्यसरी मनोनित गर्दा अल्पसंख्यक र अपाङ्गलाई पनि प्राथमिकता दिईनेछ ।

केन्द्रीय कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) अध्यक्ष १

ख) उपाध्यक्ष ८

ग) महामन्त्री ६

घ) कोषाध्यक्ष १

ङ) प्रवक्ताहरु

च) सह-महामन्त्री ७

छ) सहायक महामन्त्री ७

ज) सहायक कोषाध्यक्ष १

झ) सहायक प्रवक्ताहरु तथा अन्य सदस्यहरु गरी १९९ जनाको केन्द्रीय कार्य समिति गठन हुनेछ ।

२) अध्यक्ष पदाधिकारी एवं सदस्यहरुको निर्वाचन तथा मनोनयन देहाय बमोजिम हुनेछ :

क) महाधिबेशनबाट निर्वाचित अध्यक्ष १

ख) कम्तिमा एक महिला सहित ४ उपाध्यक्षको निर्वाचन केन्द्रीय महाधिबेशनबाट हुनेछ ।

ग) कम्तिमा एक महिला सहित ३ महामन्त्रीको निर्वाचन केन्द्रीय महाधिबेशनबाट हुनेछ ।

घ) केन्द्रीय समितिको ७५ (पचहत्तर) प्रतिशत अर्थात १४९ जना अध्यक्ष सहित पदाधिकारी तथा सदस्यहरुको निर्वाचन महाधिबेशनबाट हुनेछ । त्यस मध्ये ३३ प्रतिशत अर्थात ४९ जना महिलाहरु केन्द्रीय समितिमा रहने भएको हुँदा सो मध्ये २ जना पदाधिकारीमा र ४७ जनाको खुला सदस्य तर्फ निर्वाचन हुनेछ ।

ङ) केन्द्रीय समितिको निर्वाचित संख्या १४९ को ६७ प्रतिशत अर्थात १०० जना पुरुष/महिला सदस्यको निर्वाचन देहाय बमोजिम हुनेछ ।

१. खुला - ५७

२. आदिवासी जनजाति - १४

३. मधेसी- ११

४. उत्पीडित - ३
५. मुस्लीम -३
६. कर्णाली तथा पिछडिएको क्षेत्र - २
७. थारु   - २
८. प्रवास - २

**जम्मा - १०० जना**

च) पूर्व प्रधानमन्त्री भईसकेका पार्टी नेता, पार्टीका पूर्व केन्द्रीय अध्यक्ष र राष्ट्रिय अध्यक्ष पदेन केन्द्रीय सदस्य हुनेछन ।

छ) अध्यक्षले निर्वाचित पदाधिकारी बाहेक अन्य पदाधिकारीहरु केन्द्रीय सदस्यहरु मध्यबाट मनोनित गर्नेछन् । मनोनित गर्दा अपाङ्ग तथा अल्पसंख्यकलाई मध्यनजर गरिनेछ ।

ज) केन्द्रीय समितिमा ३३ प्रतिशत महिला निर्वाचनबाट आएका पदाधिकारी तथा सदस्यहरु बाट नपुगेमा नपुग संख्या अध्यक्षले मनोनित सदस्यहरु मध्येबाट पुरा गर्नु पर्नेछ ।

झ) पिछडिएको क्षेत्र भन्नाले बझाङ्ग, बाजुरा, अछाम र जाजरकोट

ञ) विशेष अवस्थामा केन्द्रीय कार्य समितिले विशेष पद, पदाधिकारी तथा सदस्य संख्या थप गरी मनोनयन गर्न सक्नेछ ।

ट) केन्द्रीय अध्यक्षमा उम्मेद्वार हुन केन्द्रीय पदाधिकारी भई कम्तिमा एक कार्यकाल काम गरेको हुनुपर्नेछ ।

ठ) केन्द्रीय पदाधिकारीमा उम्मेद्वार हुन केन्द्रीय सदस्य भई कम्तिमा एक कार्यकाल पुरा गरेको हुनुपर्नेछ ।

ड) कुनै पनि व्यक्तिले दुई कार्यकाल भन्दा बढी हुनेगरी केन्द्रीय अध्यक्षलगायत सबै तहका कार्यकारी अध्यक्षमा उम्मेद्वार हुन पाउने छैन ।

ढ) केन्द्रीय पदाधिकारीमा उम्मेद्वार भएको व्यक्ति केन्द्रीय सदस्यमा पनि उम्मेद्वार हुन पाउनेछ । तर निज दुवै पदमा विजयी भएमा निजको पदाधिकारी पद मात्र कायम रहनेछ ।

ण) पार्टीको सबै तहमा 'एक व्यक्ति एक पद' को व्यवस्था कार्यान्वयन गरिनेछ ।

## २९) केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार :

केन्द्रीय कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

१) केन्द्रीय महाधिवेशन र केन्द्रीय परिषदबाट पारित नीति, कार्यक्रम तथा निर्णयहरु कार्यान्वयन गर्ने गराउने,
२) पार्टीको उद्धेश्य प्राप्तीका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने,
३) विभिन्न तहका कार्य समितिहरुको कामको रेखदेख, मूल्याङ्कन, अनुगमन गर्ने र आवश्यकतानुसार निर्देशन र परामर्श दिने ,
४) पार्टीका कार्यकर्ताहरुको लागि आचारसहिंता बनाइ लागू गर्ने ,
५) नेपाल राज्यभरका सक्रिय कार्यकर्ताहरुको अभिलेख राख्ने ,

६) राष्ट्रिय सभा, प्रतिनिधि सभा, प्रदेश सभाका सदस्यहरु र स्थानीय तहका प्रमुखहरुको उम्मेदवारको मापदण्ड तय गर्ने,
७) आवश्यकतानुसार केन्द्रीय तहमा पार्टीको विभिन्न प्रयोजनका लागि समिति, विभाग र आयोगहरु गठन गर्ने, तिनको स्थान, काम, कर्तब्य र अधिकार तोक्ने ।
८) समसामयिक राष्ट्रिय तथा अन्र्तराष्ट्रिय प्रश्नहरु तथा देखिएका समस्याहरु मूल्याङ्कन गर्ने र समाधानका उपायहरु खोज्ने,
९) पार्टी मुखपत्रको प्रकाशन गर्ने,
१०) केन्द्रीय पदाधिकारी तथा सदस्यहरु र पार्टीप्रति प्रतिवद्ध व्यक्तिहरुलाई विभिन्न कार्यको जिम्मेवारी र क्षेत्रको विभाजन गर्ने,
११) वर्गीय तथा पेशागत संगठनहरुले गरेका कार्यक्रमहरुको मूल्याङ्कन गर्ने,
१२) पार्टीको कुनै निकाय निस्कृय रहेको वा विधान विपरित कार्यमा संलग्न देखिएमा आवश्यकतानुसार सचेत गर्ने, निलम्वन गर्ने र विघटन गरी पुनर्गठन गर्ने ।
१३. पार्टीको हित र स्वार्थमा आघात पुग्ने गरी गैरजिम्मेवारीपूर्ण कार्य गर्ने गराउने र पार्टीको निर्देशन पालन नगर्ने तथा पार्टीमा फूट सृजना गर्ने पार्टीका पदाधिकारी र सदस्य तथा कार्य समितिलाई अनुशासन समितिको सिफारिसमा सचेत गर्ने, निलम्बन गर्ने तथा सचेत वा निलम्बन गर्दा पनि अनुशासन कायम भएको नदेखिएमा केन्द्रीय अनुशासन समितिको प्रतिवेदनको आधारमा पार्टीबाट निष्काशन तथा त्यस्तो कार्य समितिलाई विघटन गर्ने ।
१४. यस विधानको धारा २५ को उपधारा १२ र १३ बमोजिम विघटन भएमा अर्को निर्वाचन नभए सम्म त्यसरी विघटन गरेको पार्टीको सम्बन्धित कार्य समितिको स्थानमा तदर्थ समिति गठन गर्ने ।
१५. पार्टीको कोष बृद्धि र संचालन गर्ने ।
१६. पार्टीको संगठनात्मक शक्तिको अभिबृद्धि एवं जनमानसमा पार्टीको प्रभाव विस्तार गर्न आवश्यक काम गर्ने ।
१७. नेपालको संविधान र प्रचलित कानून बमोजिम राज्यको संरचना, संसदिय निर्वाचन क्षेत्र, गाउँपालिका र नगरपालिकाहरु हेरफेर भएमा आवश्यकता अनुसार सांगठनिक व्यवस्थाहरु मिलाउने ।
१८. पार्टीका विभिन्न निकाय र पार्टीसँग संयोजित संगठनहरुबाट प्राप्त प्रतिवेदनको छानविन गरी आवश्यक निर्देशन दिने र आवश्यकता अनुसार कारबाही गर्ने ।
१९.संसद र स्थानीय निकायको निर्वाचनमा पार्टीको स्थितिको मूल्याङ्कन गर्ने र त्यसपछि हुने परिषद वा महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्ने ।
२०.अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क तथा मैत्री सम्बन्ध कायम राखी परस्पर हितका काम गर्ने ।
२१. लेखापरिक्षक नियुक्ति गरी पार्टीका सबै तहका आर्थिक व्यवस्थापन स्पष्ट, पारदर्शी र नियमित पार्न लगाउने ।

२२. पार्टीमा महत्वपूर्ण योगदान पुऱ्याएका वा पुऱ्याउन सक्ने विशिष्ट व्यक्तिहरुलाई वरिष्ठ नेता, वरिष्ठ सदस्य एवं अन्य मानार्थ पदमा मनोनित गर्ने तथा
२३. पार्टी सुदृढिकरणको लागि आवश्यक पर्ने अन्य सबै कार्यहरु गर्ने ।
२४. पार्टी सरकारमा सहभागी हुने वा नहुने र कसैलाई समर्थन गर्ने वा नगर्ने सम्बन्धमा नीतिगत निर्णय गर्ने र सरकारमा सहभागी हुने अवस्थामा सरकारमा जाने मन्त्रीहरुको मापदण्ड तय गर्ने  काम केन्द्रीय कार्य सम्पादन समितिले केन्द्रीय कार्य समितिबाट अनुमोदन गराउन पर्नेछ ।

## ३०. केन्द्रीय कार्य सम्पादन समिति

केन्द्रीय अध्यक्षद्वारा केन्द्रीय कार्यसमिति मध्येबाट ३३ जना रहेको केन्द्रीय कार्य सम्पादन समिति गठन गरिनेछ । उक्त केन्द्रीय कार्य सम्पादन समितिमा प्रदेश अध्यक्ष पदेन सदस्य रहनेछ । प्रदेश अध्यक्षको मर्यादाक्रम महामन्त्री सरह हुनेछ । उक्त समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) केन्द्रीय कार्य समितिको बैठक नभएको अवधिमा केन्द्रीय कार्य समितिले गर्नु पर्ने काम गर्ने ।
ख) केन्द्रीय कार्य समितिको निर्णय कार्यान्वयन गर्ने गराउने, अनुगमन गर्ने ।
ग) केन्द्रीय कार्य सम्पादन समितिले गरेका निर्णय केन्द्रीय कार्य समितिबाट अनुमोदन गराउनु पर्नेछ ।
घ) कार्य सम्पादन समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।
(ङ) केन्द्रीय विभागका गतिविधिहरुको समिक्षा गरी आवश्यक निर्देशन दिने ।

# परिच्छेद – ४

## केन्द्रीय कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**३१. अध्यक्ष -** अध्यक्षको काम, कर्तव्य र अधिकारदेहाय बमोजिमको हुनेछ :
(क) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने, पार्टीलाई सवल र सक्षम संगठनका रुपमा संचालन गर्न प्रभावकारी नेतृत्व प्रदान गर्ने ।
(ख) पार्टीको महाधिवेशन, केन्द्रीय परिषद र केन्द्रीय समितिका बैठकहरुको अध्यक्षता गर्ने र पार्टीका विभिन्न तहका समितिहरु मार्फत पार्टीको कार्य संचालन गर्ने, निर्देशन दिने र कामको बाँडफाँड गर्ने अध्यक्षको जिम्मेवारी हुनेछ ।

(ग) पार्टीको अनुशासन कायम राख्नको लागि निर्देशन दिने र आवश्यक परे कारवाही चलाउन केन्द्रीय कार्य समितिमा पेश गर्नु अध्यक्षको कर्तव्य हुनेछ ।
(घ) आवश्यकता अनुसार सल्लाहले केन्द्रीय तहमा पार्टीको विभिन्न प्रयोजनका लागि समिति, विभाग र आयोगहरु गठन गर्ने र काम कर्तव्य तथा अधिकार तोक्ने ।
(ङ) पार्टीको कुनै निकाय निस्कृय रहेको वा विधान विपरित कार्यमा संलग्न भएको देखिएमा वा गैह्र जिम्मेवारीपूर्ण कार्य गर्ने र पार्टीको निर्देशन पालन नगर्ने, पार्टीमा फूट सृजना गर्ने, मातहतका समितिका पदाधिकारी र सदस्यहरु तथा कार्य समितिलाई अनुशासन समितिको सिफारिसमा सचेत गर्ने, निलम्बन गर्ने, सचेत वा निलम्बन गर्दा पनि अनुशासन कायम भएको नदेखिएमा केन्द्रीय अनुशासन समितिको प्रतिवेदनको आधारमा केन्द्रीय कार्य समितिको निर्णयानुसार पार्टी कार्यकर्तालाई निष्काशन तथा पार्टी संगठन विघटन गर्ने ।
(च) अर्को निर्वाचन नभएसम्म त्यसरी विघटन गरेको पार्टी संगठनको स्थानमा केन्द्रीय कार्य समितिको निर्णयानुसार तदर्थ समिति गठन गर्ने ।
(छ) पार्टीलाई महत्वपूर्ण योगदान दिएको वा दिन सक्ने व्यक्तिहरुलाई केन्द्रीय कार्य समितिमा आवश्यक ठाने अध्यक्षले आमन्त्रित केन्द्रीय सदस्य मनोनयन गर्न सक्नेछ ।

## ३२. उपाध्यक्ष

(क) अध्यक्षको अनुपस्थितिमा निजको कार्य सञ्चालन गर्ने ।
(ख) पार्टीले तोकेको अन्य कार्य गर्ने

## ३३. महामन्त्री

(क) पार्टीको दैनिक कार्य सम्पादन गर्ने, अध्यक्षको आदेशानुसार कार्य समितिको बैठक बोलाउने एवं अध्यक्षले समय समयमा तोकिदिएको काम गर्नु महामन्त्रीको कर्तव्य हुनेछ ।
(ख) समितिको निर्णयहरुको कार्यान्वयन गर्नु महामन्त्रीको जिम्मेवारी हुनेछ ।
(ग) महाधिवेशन, परिषद र समितिको बैठकहरुमा पार्टीको प्रतिवेदन महामन्त्रीले पेश गर्नेछन् ।
(घ) कार्यालय सञ्चालनको जिम्मेवारी महामन्त्रीको हुनेछ ।
(ङ) पार्टीको सबै प्रकारको अभिलेखहरु सुरक्षित राख्ने जिम्मेवारी महामन्त्रीको हुनेछ ।

## ३४. कोषाध्यक्ष

(क) पार्टीको कोषको जिम्मेवारी कोषाध्यक्षको रहनेछ ।
(ख) पार्टीको सम्पूर्ण आय व्ययको विवरण राख्ने र लेखापरिक्षक बाट जाँच गराई हिसाब किताब दुरुस्त राख्न लगाउने तथा

(घ) पार्टी बाट अनुमोदन प्राप्त गरि निर्वाचित वा मनोनित वा नियुक्ति भएका विभिन्न तहका व्यक्तिहरुले पार्टी हितको लागि नियमित रुपमा केन्द्रीय समितिले तोकेअनुसारको चन्दा लिनुपर्नेछ र उक्त चन्दाको रकम कोषाध्यक्षले अनिवार्य रुपमा संकलन गर्नुपर्नेछ ।

**३५. प्रवक्ता**

विभिन्न समसामयिक र नीतिगत विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा संचारमाध्यम मार्फत जनसमक्ष राख्ने ।

**३६. सह-महामन्त्री**

(क) महामन्त्रीको अनुपस्थितिमा महामन्त्रीद्वारा प्रत्यायोजन गरे बमोजिमका कार्यहरु गर्ने ।

(ख) महामन्त्रीले अख्तियार प्रदान गरी तोकेका कार्यहरु गर्ने ।

(ग) पार्टीको केन्द्रीय कार्यालयको व्यवस्थापन तर्फको रेखदेख र नियन्त्रण गर्ने ।

(घ) पार्टीले तोकेको सबै काम गर्ने ।

**३७. सहायक महामन्त्री**

क) सह-महामन्त्रीको अनुपस्थितिमा सह-महामन्त्रीद्वारा प्रत्यायोजन गरे बमोजिमका कार्यहरु गर्ने ।

ख) पार्टीले तोकेको सबै काम गर्ने ।

**३८.सहायक कोषाध्यक्ष**

(क) कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको काम गर्ने ।

(ख) कोषाध्यक्षले अख्तियार प्रदान गरी तोकेको काम गने ।

(ग) पार्टीले लगाएको अन्य काम गर्ने ।

**३९. सहायक प्रवक्ता**

(क) प्रवक्ताको अनुपस्थितिमा प्रवक्ताले गर्ने काम गर्ने ।

(ख) प्रवक्ताले अख्तियार प्रदान गरी तोकिएको काम गर्ने ।

(ग) पार्टीले लगाएको काम गर्ने ।

## ४०. निर्देशन समिति

क) पार्टीको केन्द्रीय अध्यक्षबाट एक निर्देशन समिति गठन गरिनेछ । त्यसको गठन देहाय बमोजिमको हुनेछ ।

१. पार्टीका केन्द्रीय अध्यक्ष पदेन सदस्य

२. प्रधानमन्त्री पदेन सदस्य

३. पूर्व प्रधानमन्त्री पदेन सदस्य

४. पार्टीका पूर्व केन्द्रीय अध्यक्षहरु पदेन सदस्य

५. पार्टीका केन्द्रीय पदाधिकारीहरु, वरिष्ठ नेताहरु, पूर्व केन्द्रीय पदाधिकारीहरु मध्ये केन्द्रीय कार्य समितिबाट निर्वाचित भई आएका ११ जना सदस्य

ख) उक्त निर्देशन समितिको अध्यक्षता केन्द्रीय अध्यक्ष वा निजले तोकेको सदस्यले गर्नेछ ।

ग) निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

१. नीति निर्माण गर्ने ।

२. सरकारमा सहभागिता एवं कुनैपनि राजनीतिक नियुक्तिको लागी केन्द्रीय कार्य समितिमा सिफारिस गर्ने ।

३. केन्द्रीय कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## ४१. संसदिय समिति

(क) केन्द्रीय समितिले तोकेको केन्द्रीय सदस्यको अध्यक्षतामा देहाय बमोजिम संसदिय समिति गठन हुनेछ :–

(१) पार्टीको संसदीय दलको नेता –सदस्य

(२) केन्द्रीय कार्य समितिबाट केन्द्रीय परिषदका सदस्यहरु मध्येबाट मनोनित एकजना महिला सहित ९ (नौ) जना सदस्यहरु ।

(३) केन्द्रीय कार्य समितिका सदस्यहरु मध्येबाट तोकिएको ब्यक्ति–सदस्य सचिब

(४) पार्टीका अध्यक्ष र संसदिय दलको नेता एउटै भएमा ९(नौ) जना सदस्यको सट्टा १० (दश) जना सदस्य मनोनित गरिनेछ । (सम्बन्धित प्रदेश अध्यक्ष सम्बन्धित प्रदेश भित्र उम्मेद्वारको छनोट गर्ने प्रयोजनको लागि पदेन सदस्य हुनेछ)

(५) पार्टीका पूर्व अध्यक्षहरु

(ख) संसदिय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) व्यवस्थापिकामा निर्वाचित पार्टी सदस्यहरु लाई आवश्यक निर्देशन दिने र व्यवस्थापिकासँग सम्बन्धित पार्टी गतिविधिमा समन्वय कायम गर्ने ।

(२) आम निर्वाचनमा सम्बन्धित क्षेत्रीय कार्य समितिको सिफारिमा जिल्ला र प्रदेश कार्यसमितिको राय लिई पार्टी उमेदवारहरुको चयन गर्ने र केन्द्रीय कार्य समितिमा अनुमोदनको लागि पेश गर्ने ।

(३) राष्ट्रियसभाका लागि पार्टीको तर्फबाट उमेदवार चयन गरी अनुमोदनका लागि केन्द्रीय कार्यसमितिमा पेश गर्ने ।

(४) स्थानीय निर्वाचनमा सम्बन्धित कार्य समितिको सिफारिसमा जिल्ला समन्वय समितिको अध्यक्ष, उपाध्यक्ष, नगर प्रमुख, उपप्रमुख पदको उमेदवारको चयन गर्ने ।

(५) आफ्नो कार्य संचालन गर्न नियमावली बनाई स्वीकृतिका लागि केन्द्रीय कार्य समितिमा पेश गर्ने, स्वीकृत भएपछि सोही आधारमा आफ्ना कार्यहरु गर्ने ।

## ४२. संसदीय दल

पार्टीको तर्फबाट संसदमा निर्वाचित सदस्यहरु रहेको एक संसदीय दलको गठन हुनेछ । संसदीय दलका सदस्यहरुले आफ्नो नेता चुन्ने छन् । संसदीय दलको काम, कर्तब्य र अधिकार संसदीय दलले निर्माण गरी केन्द्रीय समितिबाट अनुमोदन गरिएको संसदीय दलको विधान वा नियमावली बमोजिम हुनेछ ।

## ४३. अनुशासन समिति

(क) अनुशासन समितिमा केन्द्रीय समितिका सदस्य मध्येबाट अध्यक्ष-१ तथा सदस्यहरु-४ रहनेछन् । निज अध्यक्ष केन्द्रीय कार्य सम्पादन समितिको पदेन सदस्य हुनेछन् ।

(ख) अनुशासन समितिले सबै तहका सदस्यहरुको अनुशासन, आचारसंहिता सम्बन्धमा आवश्यक छानविन गरी कारवाहीको लागि केन्द्रीय कार्य समितिमा सिफारिस गर्नेछ । तर जिल्ला कार्य समितिका पदाधिकारी र सदस्यहरु बाहेक स्थानीय तहका कार्यकर्ताहरुको अनुशासनहिनता र आचारसंहिताका सम्बन्धमा आवश्यक छानविन गर्न यो समितिले आफ्नो अधिकार तोकिए बमोजिम जिल्ला कार्य समिति वा केन्द्रीय कार्य समितिले तयार गरेको अनुशासन संबन्धि विनियम अनुसार गठित जिल्ला अनुशासन समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ४४. न्यायिक समिति

केन्द्रीय कार्य समितिले तोकेको केन्द्रीय समितिको सदस्यको संयोजकत्वमा ३ ( तीन)सदस्यीय न्यायिक समिति गठन गर्नेछ । न्यायिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विधानको व्याख्या सम्बन्धी प्रश्नमा अध्यक्ष वा केन्द्रीय समितिले राय माग गरेमा सोको अध्ययन गरी लिखित राय पेश गर्ने ।

(ख) पार्टीसँग सम्बन्धित संवैधानिक र कानुनी प्रश्नमा केन्द्रीय समितिले राय माग गरेमा सो को अध्ययन गरी राय पेश गर्ने ।

(ग) केन्द्रीय समिति वा अन्य कुनै केन्द्रीय स्तरको आयोग, समिति वा उपसमितिहरुले निर्वाचन तथा अनुशासन सम्बन्धी वा अन्य विषयमा राय माग गरेमा लिखित राय पेश गर्ने

(घ) केन्द्रीय समितिले तोकेको अन्य न्यायिक काम गर्ने तथा

(ङ) पार्टीको तर्फबाट कुनै अदातल वा न्यायिक निकायमा कुनै काम परेमा त्यसको समन्वय गर्ने ।

## ४५. केन्द्रीय सल्लाहकार समितिः

(क) पार्टीको वरिष्ठ नेताको अध्यक्षतामा एक केन्द्रीय सल्लाहकार समिति गठन गरिने छ । देश तथा पार्टीको ईतिहासमा महत्वपुर्ण योगदान दिएका व्यक्तिहरु सल्लाहकार समितिमा रहने छन् ।

ख) सल्लाहकार समितिले पार्टीलाई राष्ट्रिय शक्तिको रुपमा स्थापित गर्ने सन्दर्भमा वैचारिक, राजनीतिक एवं रणनीतिक सल्लाह दिनेछ । सल्लाहकार समितिबाट प्राप्त सुझावलाई पार्टीको उपयुक्त निकायमा छलफलको निमित्त पेश गरिने छ ।

## ४६. केन्द्रीय सचिबालयः-

पार्टीका केन्द्रीय अध्यक्षद्वारा एउटा केन्द्रीय सचिबालय गठन हुनेछ । जसको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) केन्द्रीय स्तरमा पार्टीको नीति, कार्यक्रम र कार्ययोजना तयार गर्ने,

ख) केन्द्रीय कार्य समिति आफूले र आफ्ना मातहतका पार्टी संगठनहरुले संचालन गर्नुपर्ने कार्यक्रम र त्यसलाई सम्पादन गर्ने रणनीतिहरु निर्माण गर्ने,

ग) केन्द्रीय समितिको विभिन्न फाँटको कार्यहरुको समन्वय गर्ने र सोको प्रभावकारी ढंगले संचालन गर्ने,

घ) पार्टीसँग सम्वन्धीत समसामयिक विषयमा पार्टीको विचार र धारणा तत्कालै सार्वजनिक रुपमा प्रचार प्रसार गर्न आवश्यक देखिएमा सो कार्य गर्ने,

ङ) केन्द्रीय समिति मातहतका सबै तहको पार्टी संगठनहरु र संयोजित संगठनहरुसंग जीवन्त सम्पर्क र संचार स्थापना गर्ने तथा,

च) केन्द्रीय अध्यक्ष, केन्द्रीय समिति र कार्य सम्पादन समितिले तोकेको अन्य कार्य गर्ने ।

## ४७. बैठक सम्बन्धी व्यवस्थाः-

१) केन्द्रीय कार्य समिति, निर्देशन समिति, केन्द्रीय कार्य सम्पादन समितिको बैठक बस्दा केन्द्रीय अध्यक्ष अथवा निजले तोकेको व्यक्तिले अध्यक्षता गर्नेछन् । केन्द्रीय समितिको बैठक कम्तीमा ३ (तीन) महिनाको १ (एक) पटक बस्नेछ र अन्य तहका कार्य समितिको बैठक सामान्यतया महिनाको १ (एक) पटक बस्नेछ ।

२) सबै तहको परिषद्का बैठक कम्तिमा वर्षको १ (एक पटक) बस्नेछ । तर, केन्द्रीय महाधिवेशन हुने वर्षमा केन्द्रीय परिषद्को बैठक बस्ने छैन ।

३) सामान्यतया केन्द्रीय कार्य समितिको पदावधि समाप्त हुने प्रत्येक ४ (चार) वर्षमा पार्टीको केन्द्रीय महाधिवेशन हुनेछ ।

४) सबै तहको कार्य समिति र परिषदबाट भएका बैठकको निर्णय र आफ्नो तहमा संचालन भएका कार्यक्रमहरुको जानकारी कार्य सम्पन्न भएपछि यथाशिघ्र पार्टीको १ (एक) तह माथिको निकायमा पठाउनु पर्नेछ ।

५) विभिन्न तहका कार्य समितिको बैठक अध्यक्षको आदेश अनुसार महामन्त्री वा सचिबले बोलाउने छ ।

६) कुनै पनि तहका परिषद्, समिति र केन्द्रीय महाधिवेशनको एकतिहाइ सदस्यहरुले लिखित रुपमा माग गरेमा अध्यक्षले सम्वन्धीत तहको बैठक बोलाउनु पर्नेछ ।

७) विभिन्न तहका परिषद् महाधिवेशन र कार्य समितिहरुको बैठक सम्वन्धित तहका अध्यक्षको अध्यक्षतामा बस्नेछ ।

(८) सम्बन्धित तहको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई मताधिकार हुने छैन । बैठकको निर्णय गर्दा मत संख्या बराबर भएमा मात्र बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछन् ।

(९) पार्टीको जुनसुकै तहको बैठकबाट पारित बहुमतको निर्णय कार्यान्वयन गरिनेछ । अल्पमतको प्रस्तावलाई दर्ज गरिनेछ ।

## ४८. पदको रिक्तता र पदपूर्तिः-

क) कुनै पनि तहका कार्य समितिका पदाधिकारी तथा सदस्यहरु माथिल्लो तहको कार्य समितिमा निर्वाचित वा मनोनित भएमा तल्लो तहको पद स्वतः रिक्त हुनेछ तर कुनै क्षेत्रीय समितिबाट केन्द्रीय महाधिवेशन प्रतिनिधिमा निर्वाचित व्यक्ति जिल्ला कार्य समितिमा निर्वाचित वा मनोनित भएमा निजको महाधिवेशन प्रतिनीधि कायमै रहनेछ ।

ख) सबै तहका पदाधिकारी तथा सदस्यहरु विना सूचना लगातार ३ (तीन) बैठकमा अनुपस्थित रहेको सदस्यलाई सफाई दिने मौकाबाट वञ्चित गरिने छैन ।

ग) कुनै पनि तहको कार्य समितिको सदस्यको पदावधि बाँकी छँदै पद रिक्त भएमा मनोनीतको हकमा मनोनयनद्वारा र निर्वाचितको हकमा सहवरणद्वारा बाँकी अवधिको लागि पुर्ति गरिनेछ ।

## ४९. राजीनामाः-

प्रत्येक तहको कार्य समितिको कुनै पनि सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले कार्य समिति समक्ष आफ्नो हस्ताक्षरयुक्त राजीनामा पेश गरी स्वीकृत गराई पद त्याग गर्न सक्नेछ ।

**५०. केन्द्रीय निर्वाचन समिति :-**

क) यस विधान बमोजिम पार्टीको विभिन्न तहका कार्य समितिहरुको गठन/निर्वाचन सम्पन्न गर्न गराउन केन्द्रीय निर्वाचन समिति गठन गरिने छ ।

ख) अध्यक्षले केन्द्रीय कार्य समितिको सहमतिमा आवश्यक संख्यामा पदाधिकारी र सदस्यहरु रहेको केन्द्रीय निर्वाचन समिति गठन गरिने छ ।

ग) केन्द्रीय निर्वाचन समितिले पार्टीको वडादेखि विभिन्न तहका कार्य समितिहरु, केन्द्रीय महाधिवेशन प्रतिनिधि तथा केन्द्रीय कार्य समितिको निर्वाचनको निमित्त आवश्यक नियमावली, निर्देशिका र कार्यतालिका तयार गरी कार्यान्वन गर्नेछ ।

घ) केन्द्रीय निर्वाचन समितिको काम कर्तव्य र अधिकार केन्द्रीय कार्य सम्पादन समितिले तोके बमोजिम हुनेछ,

ग) निर्वाचन गर्दा तल्लो तहको ५१ (एकाउन्न) प्रतिशत भन्दा वढी कार्य समितिहरु गठन भएमा त्यसभन्दा माथिल्लो तहको कार्य समिति गठन गर्न सकिनेछ । तर गाउँ, नगर कार्य समितिको हकमा यो प्रावधान लागू हुनेछैन । निर्वाचन सम्वन्धी कार्यविधि केन्द्रीय निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

घ) सबै तहको निर्वाचन आ-आफ्नो परिषद्बाट हुनेछ तर केन्द्रीय कार्य समितिको निर्वाचन केन्द्रीय महाधिवेशनबाट हुनेछ ।

**५१. विविध**

क) मनोनित गरिने स्थानहरुमा पिछडिएका वर्ग, आदिवासी, मधेसी, मुस्लिम, जनजाती, महिला र युवा वर्गलाई विशेष प्राथमिकता दिइनेछ ।

ख) प्रचलित नेपाल कानून अनुसार पार्टीको तर्फबाट उम्मेद्वार भई निर्वाचित भएमा स्थानीय निकायको क्रमशः जिल्ला समन्वय समितिका अध्यक्ष, उपाध्यक्ष, न.पा.का प्रमुख, उपप्रमुख गाउँपालिका अध्यक्ष, उपाध्यक्ष पार्टीको सम्वन्धित तहको कार्य समितिको पदेन सदस्य रहनेछन् ।

ग) पार्टीले पार्टीका कुनै सदस्यलाई आलङ्कारिक सम्मान प्रदान गर्न सक्नेछ ।

घ) पार्टीको उद्देश्य र नीतिलाई समर्थन गर्दै यो विधानलाई मञ्जुर गर्ने र नेपालको कुनै पनि राजनैतिक दल, संघ, संगठनलाई रा.प्र.पा.मा गाभ्न वा एकीकरण गर्न सकिनेछ ।

ङ) सबै तहको परिषद् र महाधिवेशन तथा कार्य समितिको निर्णयहरु सम्वन्धित तहको अध्यक्षले प्रमाणित गर्नेछ ।

च) केन्द्रीय कार्य समिति, निर्देशन समिति र केन्द्रीय कार्य सम्पादन समितिका सदस्यहरु पार्टीको गाउँ, नगर, प्रदेशसभा निर्वाचन क्षेत्रीय कार्यसमिति, प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति र जिल्ला कार्य समितिको अध्यक्ष पदमा रहने छैनन् । उल्लेखित

कार्यसमितिको अध्यक्ष पदमा रहेमा निजको माथिल्लो तहको सदस्यता स्वतः समाप्त हुनेछ ।

**५२. संयोजित संगठनहरु :**

**यस विधान बमोजिम राजनीतिक दल सम्बन्धि ऐन २०७३ को दफा १४ को उपदफा २ को खण्ड ग को प्रतिकूल नहुने गरी**

क) पार्टीको उदेश्यप्रति आस्था राख्ने विभिन्न वर्गीय तथा व्यवसायीक संगठनहरुलाई पार्टीको सहयोगी संगठनको रुपमा मान्यता दिइनेछ ।

ख) एक वर्ग वा व्यवसायमा एक मात्र संगठनलाई मान्यता दिइनेछ । यसरी मान्यता प्राप्त संगठनले पार्टीलाई सहयोग गर्नु र पार्टीको सामान्य निर्देशनलाई पालना गर्नुपर्नेछ ।

ग) पार्टीको संयोजित संगठन एवं भातृ, भगीनी संगठनको परिभाषा केन्द्रीय कार्य समितिले गर्नेछ । ती संगठनको वैधानिकता समेत केन्द्रीय कार्य समितिले नै प्रमाणीत गर्नेछ ।

घ) पार्टीको नीति, सिद्धान्त र कार्यक्रम विपरित काम गर्ने, पार्टीको केन्द्रीय कार्य समितिको निर्देशन पालना नगर्ने र निस्क्रिय रहेको संयोजित संगठनलाई पार्टीको केन्द्रीय कार्य समितिले विघटन गरी त्यसको ठाउँमा तदर्थ समिति गठन गर्न सक्नेछ ।

ङ) यो विधान तथा संयोजित संगठनको विधान अनुरुप निर्वाचन नभएसम्म संयोजित संगठनहरुका विभिन्न तहहरुको गठन, पुनर्गठन र एकिकरण केन्द्रीय कार्य समितिले तोकेबमोजिम हुनेछ ।

च) पार्टीको संयोजित भातृ संगठनहरु देहाय बमोजिम हुनेछ :

(१) राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन
(२) राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन
(३) राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन
(४) राष्ट्रिय प्रजातान्त्रिक किसान संगठन
(५) राष्ट्रिय प्रजातान्त्रिक भू.पू. सैनिक संगठन
(६) राष्ट्रिय प्रजातान्त्रिक पूर्व सशत्र प्रहरी संगठन
(७) नेपाल सनातन धर्म संस्कृति संगठन
(८) राष्ट्रिय यूवा मोर्चा
(९) राष्ट्रिय प्रजातान्त्रिक मुस्लिम संगठन
(१०) राष्ट्रिय प्रजातान्त्रिक तराई मधेश संगठन
(११) राष्ट्रिय प्रजातानित्रक उत्पीडित उत्थान संगठन

**५३.यस विधान बमोजिम राजनीतिक दल सम्बन्धि ऐन २०७३ को दफा १४ को उपदफा २ को खण्ड ग को प्रतिकूल नहुने गरी**

पार्टीको नीति र सिद्धान्तलाई आत्मसात गर्ने तपसिल बमोजिमका पेसागत संगठनलाई पार्टीले सुभेच्छुक संगठनको रुपमा मान्यता दिन सक्नेछ ।

क) राष्ट्रिय प्रजातान्त्रिक प्राध्यापक संगठन
ख) नेपाल राष्ट्रिय शिक्षक परिषद
ग) राष्ट्रिय प्रजातान्त्रिक कानून व्यवसायी संगठन
घ) राष्ट्रिय प्रजातान्त्रिक इन्जिनियरिङ संगठन
ङ) ट्रेड युनियनहरु
च) राष्ट्रिय प्रजातान्त्रिक पूर्व प्रहरी परिषद
छ) मिडिया नेपाल
ज) राष्ट्रिय प्रजातान्त्रिक चिकित्सक संगठन
झ) राष्ट्रिय प्रजातान्त्रिक निर्माण व्यवसायी संगठन
ञ) राष्ट्रिय प्रजातान्त्रिक पूर्व निजामती कर्मचारी संगठन

**५४. कोष**

क) पार्टीको विभिन्न तहमा आ-आफ्नो कोष रहनेछ र कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

१) सदस्यता शुल्क
२) सदस्यहरुबाट नियमित रुपमा प्राप्त हुने चन्दा वा सहयोग
३) विभिन्न कार्यक्रमहरु संचालन गरेवापत प्राप्त भएको रकम,
४) पार्टीको उद्देश्यमा प्रतिकूल प्रभाव नपर्ने गरी विभिन्न संघ संस्था र व्यक्तिबाट प्राप्त सहयोग

ख) कोषमा प्राप्त भएको रकम स्थानीय बैंकमा खाता खोली राख्नुपर्नेछ तर गाउँ र क्षेत्रीय तहमा भने यो दफा अनिवार्य रहने छैन । खाताको सञ्चालन कोषाध्यक्ष र कार्य समितिले तोकेको अन्य पदाधिकारी वा सदस्यहरुबाट हुनेछ ।

ग) पार्टीको हिसाबकिताब प्रचलित ढाँचा अनुरुप राखिनेछ एवं समय समयमा लेखापरिक्षण गराई सम्बन्धित तहको कार्य समितिमा पेश गरिनेछ ।

घ) पार्टीको चल, अचल सम्पत्ती र जिन्सी सामानहरुको हिसाबकिताब राखिनेछ ।

**५५. नियम बनाउन सक्ने**

यस विधानको परिधिभित्र रही केन्द्रीय कार्य समितिले आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ ।

**५६. गणपुरक संख्या**

केन्द्रीय महाधिवेशन, केन्द्रीय परिषद् र अन्य तहका परिषद्हरुको बैठकको गणपूरक संख्या कुल सदस्य संख्याको एक तिहाई हुनेछ, कार्य समितिहरुको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ ।

**५७.अधिकार प्रत्यायोजनगर्न सक्ने**

यस विधानमा उल्लेख भएका अधिकारहरु सम्बन्धित पदाधिकारी वा समितिले अन्य पदाधिकारी, मातहतका समितिहरु र उपसमितिहरुलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**५८. पदावधि**

क) यस विधानमा व्यवस्थित सबै तहका समितिका सदस्यहरु र परिषद् सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ र विधान बमोजिम सम्बन्धित तहको महाधिवेशन, परिषद् र कार्य समितिको निर्वाचन नभएसम्म वहाल रहनेछ ।

ख) विशेष कारणवस समयमै निर्वाचन हुन नसके केन्द्रीय कार्य समितिले बढीमा एक वर्ष आफु र आफु मातहतको समितिहरुको पदावधि थप गर्न सक्नेछ ।

**५९. अविश्वासको प्रस्ताव**

क) पार्टीको जिल्ला स्तरका सबै तहका कार्य समितिका पदाधिकारी तथा सदस्यहरुको आफ्नो पदीय दायित्व अनुसार काम नगरेमा र पार्टीको हितमा क्षति पुगेको अवस्थामा सम्वन्धीत तहका परिषद्को कुल सदस्य संख्याको एक तिहाई सदस्यहरुले प्रस्तावित र समर्थन गरेको अविश्वासको प्रस्ताव एक तह माथिको कार्य समितिमा पेश गरी सो कार्य समितिले तोकेको मितिमा सम्बन्धित परिषद्को बैठक बस्नेछ । यस्तो बैठकमा सम्बन्धित परिषद्को कुल सदस्य संख्याको दुई तिहाई वहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा सम्बन्धित सदस्य आफ्नो पदबाट मुक्त हुनेछ ।

ख) केन्द्रीय कार्य समितिको त्यस्तै प्रस्ताव केन्द्रीय महाधिवेशनको कूल सदस्य संख्याको एक तिहाई सदस्यले हस्ताक्षर गरी सोझै केन्द्रीय कार्यालयमा दर्ता गर्न सकिनेछ । यस्तो प्रस्ताव केन्द्रीय कार्यालयमा दर्ता भएको १५ दिन पछि केन्द्रीय कार्य समितिमा छलफल भई केन्द्रीय महाधिवेशनमा पेश गर्नको लागि मिति तोकि विशेष केन्द्रीय महाधिवेशन वोलाइने छ । केन्द्रीय महाधिवेशनको कूल सदस्य संख्याको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा सम्वन्धित सदस्य आफ्नो पदबाट मुक्त हुनेछ । महाधिवेशनले आफ्नो कार्यविधि तथा प्रक्रिया आफैं निर्धारण गर्न सक्नेछ ।

ग) निर्वाचन भएको एक वर्ष व्यतित नभएसम्म अविश्वासको प्रस्ताव पेश गर्न पाइने छैन र एक पटक अविश्वासको प्रस्ताव पेश भई सो प्रस्ताव असफल भएमा अर्को एक वर्ष नपुगी पुनः अविश्वासको प्रस्ताव प्रस्तुत गर्न पाइने छैन ।

घ) केन्द्रीय अध्यक्षको हकमा अविश्वासको प्रस्तावमा छलफल हुँदाको अवस्थामा बैठकको अध्यक्षता केन्द्रीय समितिले तोकेको पदाधिकारी वा सदस्य र सदस्यहरुको हकमा अध्यक्ष स्वयमबाट अध्यक्षता हुनेछ । यसै गरी अन्य तहका सम्बन्धमा भने सम्वन्धीत तहको अध्यक्षको हकमा भए उपाध्यक्षले र अन्य पदाधिकारी र सदस्यहरुका सम्बन्धमा भए अध्यक्षले बैठकको अध्यक्षता गर्ने छ ।

**६०. व्याख्या र बचाउ**

क) यो विधानको कार्यन्वयनमा कुनै बाधा व्यवधान देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार केन्द्रीय कार्य समितिलाई हुनेछ र विधानको अन्तिम व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई हुनेछ ।

**६१. शंसोधन सम्बन्धि व्यवस्था :**

यो विधानलाई आवश्यकता अनुसार केन्द्रीय कार्य समिति वा केन्द्रीय कार्य सम्पादन समितिले संशोधन गर्न सक्नेछ । त्यो संशोधन प्रस्ताव त्यसपछि हुने महाधिवेशनबाट अनुमोदन गर्नुपर्नेछ ।

**६२. बचाऊ :**

अन्तरिम विधान २०७७ बमोजिम भैसकेको काम कारवाहीलाई यसै विधान बमोजिम भएको मानिने छ ।

अनुसूची

क) सपथ ग्रहणको नमुना

राष्ट्रियता ! प्रजातन्त्र !! उदारवाद !!!

# राष्ट्रिय प्रजातन्त्र पार्टी

वडा/गाउँ/महानगर/उपमहानगर/नगर/प्रदेशसभा निर्वाचन क्षेत्र/प्रतिनिधिसभा निर्वाचन क्षेत्र/प्रदेश कार्य समिति/जिल्ला/केन्द्रीय कार्य समिति अधिवेशन

२०........./......../........ गते

## शपथ ग्रहण

म.........................................................राष्ट्रिय प्रजातन्त्र पार्टीको ................को हैसियतले राष्ट्रिय प्रजातन्त्र पार्टीको विधान २०७८ को अधिनमा रही विना मोलाहिजा, पक्षपात रहित तवरले आफ्नो पदीय जिम्मेवारी इमानदारितापूर्वक पालना गर्दछु भनी नेपाल माता, नेपाली जनता र रा.प्र.पा. प्रति वफादार रहि ईश्वरको नाममा शपथ ग्रहण गर्दछु ।

**शपथ ग्रहण गराउनेको नाम**

श्री ........................................

पद : ......................................

दस्तखत : ................................

मिति : ...................................

**शपथ ग्रहण गर्नेको नाम**

श्री ...........................................

पद : ..........................................

दस्तखत : ....................................

मिति : .......................................

अनुसूची

ख) चुनाव चिन्ह

